स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता राजेश हमालको ८ वर्षपछिको कमब्याक फिल्म "नरसिंहः अवतार"को अघिल्लो साता सार्वजनिक फर्स्टलुक पोस्टरपछि विदेशमा माग बढ्न थालेको छ । र, निर्माताले फिल्मको प्रदर्शन अधिकार बिक्री गर्न सुरु गरिसकेका छन् । त्यसको सुरुवात जापानबाट भएको छ । जापानका लागि फिल्मको प्रदर्शन अधिकार यूएनए इन्टरटेन्मेन्टले खरिद गरेको हो ।

आजको विचार...



युवा.... (दुई पेजमा)

शीतलप्रसाद महतो



नामकै कारण चर्चा र विवादमा रहेको फिल्म "जनै हराएको बाहुन"को मुहूर्त गरिएको छ । आइतबार बिहान काठमाडौंको प्रसिद्ध बूढानीलकण्ठ मन्दिरमा क्यामरा र स्क्रिप्ट पूजा गर्दै मुहूर्त गरिएको हो । मन्दिर परिसरभित्रै फिल्मका कलाकारहरु मिरुना मगर, सुशांक मैनाली, गौरव पहाडी र भोलाराज सापकोटाले मुहूर्त सर्ट दिएका थिए । फिल्मको छायांकन भने भोलि सोमबारबाट सुरु हुने निर्देशक हिमाल न्यौपानेले बताए ।

❒ वर्ष ३० ❒ अंक २५२ ❒ २०८१ चैत २५ गते सोमबार 7 April 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आँधीमा १६ जनाको मृत्यु

(रासस/एएफपी)

**वासिङ्टन, चैत २४/** संयुक्त राज्य अमेरिकाको मध्य-पूर्वी क्षेत्रमा आएको भीषण आँधीबेहरीका कारण कम्तीमा १६ जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन् । राष्ट्रिय मौसम सेवाले शनिबार आँधीको चेतावनी जारी गरेको थियो ।

अर्कान्सासदेखि ओहायोसम्म फैलिएको आँधीबेहरीले भवनहरूमा क्षति पुर्याएको, सडकहरू बाढीमय भएको र हालैका दिनहरूमा दर्जनौं चक्रवात उत्पन्न भएका छन् । टेनेसी राज्यको पश्चिमी भागमा १० जनाको मृत्यु भएको राज्यका अधिकारीहरूले बताएका छन् । केन्टुकी राज्यका गभर्नर एन्डी बेशियरका अनुसार बाढीका कारण एक बालकसहित दुई जनाको मृत्यु भएको छ । सामाजिक तथा स्थानीय सञ्चारमाध्यममा शेयर गरिएका तस्वीरमा आँधीका कारण कैयौं राज्यमा व्यापक क्षति पुगेको, घरहरू भत्किएको, रुखहरु ढलेको, बिजुलीको तार ढलेको र कारहरु पल्टिएको देखिएको छ । राष्ट्रिय मौसम सेवा (एनडब्ल्यूएस) ले मध्य-पूर्वी क्षेत्रका केही भागहरूमा आइतबारसम्म 'व्यापक रूपमा आकस्मिक बाढी" आउन सक्ने चेतावनी दिँदै 'जनजीवन र भौतिक संरचनामा क्षति हुने ठूलो खतरा रहेको' चेतावनी दिएको छ । आँधीका कारण मिसौरीमा दुई र इन्डियानामा एक जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यम र अधिकारीहरूले जनाएका छन् ।

# सेनाको तेस्रो गोरखा-जितगढी ऐतिहासिक पदयात्रा चैत २८ देखि

कृष्ण पोखरेल

**पाल्पा, चैत २४/**नेपाली सेनाले चैत २८ गतेदेखि तेस्रो ऐतिहासिक गोरखा-जितगढी एकिकरण पदयात्रा सुरु गर्ने भएको छ । ऐतिहासिक कोट, गढी, किल्लाहरुको संरक्षण गर्न र इतिहास जोगाउने लक्ष्यका साथ एकिरण पदयात्रा सुरु गर्न लागिएका 'दि फेमस महिन्द्र दल गण' पाल्पाले जनाएको छ ।

यो पदयात्रा नेपाली सेनाको आयोजना र स्थानीय तहहरुको सहयोगमा गोरखा-तनहुँ-स्याङजा-पाल्पा हुँदै रुपन्देहीको जितगढीसम्म पुग्नेछ । पदयात्रामा निस्किने टोली बैंशाख २ गते पाल्पाको रामपुर आइपुग्ने छ । उक्त टोलीको प्रतिनिधि मण्डल र पाल्पास्थित दि फेमस महिन्द्र दल गणले सोही दिनदेखि पाल्पाको गढी तथा किल्लासम्मको यात्रा गर्ने जनाइएको छ । रामपुरको केलादीदेखि तिनाउको नुवाकोट गढीसम्म पदयात्रा गर्ने कार्यक्रम तय भएको तानसेनमा आयोजित समन्वयात्मक बैंठकमा गणपति प्रमुख सेनानी भूपेन्द्र गुरुङ्गले जानकारी दिए । पाल्पाको टोलीले रुपन्देहीलाई हस्तान्त्रण गरेपछि जितगढी पुगेर समापन हुने छ । सेनाले नेपाल एकिकरणको समयमा प्रयोग भएको





पदमार्ग तथा तथा विभिन्न युद्धमा प्रयोग भएका गढी, दरवार, युद्धस्थलहरुको अध्ययन अवलोक गर्दै ११ दिने पैदलयात्रा कार्यक्रम तय गरेको हो । एकिकरण मार्ग लगायत ऐतिहासिक धरोहरको जर्गेना गर्न, एकिकरण अभियाना तथा नेपाल अंग्रेज युद्धमा हासिल गरेको विजय गाथाको ईतिहासलाई संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गरी भावी पुस्तामा हस्तानतरण गर्न, सबै नेपालीहरुमा राष्ट्रिय एकताको भावना विकास गर्न, सम्पदा पर्यटन प्रवर्द्धन गर्न, सेना र जनताविचको सम्बन्धलाई बलियो बनाउन गोरखा जितगढी पदयात्रा अभियान गर्न लागिएको पदयात्रा कमाण्डर सह सेनानी रमेश अधिकारीले बताए ।

पाल्पा प्रवेशसँगै बैशाख २ गते विहान नेपाली सेनाको पदयात्री टोलीलाई केलादी घाट रामपुरमा स्वागत गर्ने, उक्त टोली केलादीघाट हुँदै देवीस्थान बगैचा, श्रीनगर होटल हुँदै दर्छा सिताकुण्ड, तुने भञ्ज्याङ्ग, बेलडाँडा, सिलुवा पिलुवा जब्यादी, विरकोट ३५ किलोमिट यात्रा गर्ने छ । वैशाख ३ गते विरकोट बाकुमगढी देउराली, हुमिन देविनगर, झडेवा जगत गोठादी, हुँदै माथागढी ३९ किलोमिटर नेपाली सेनाको टोलीले पदयात्रा गर्ने छ । बैशाख ४ गते माथागढी, गोठादी झडेवा हर्नेटार, मर्मरा शिकारकोट, दमार, सराई माडी दमकडा हुँदै बाँसटारी प्रभास ३५ किलोमिटर यात्रा गर्ने छ । बैशाख ५ गते प्रभास, लामडाँडा, बर्तुङ्ग, तानसेन, काजीपौवा पुन: प्रभास आएर १७ किलोमिटर यात्रा गरि वास बस्ने छ । सोही दिन तानसेनमा सर्वसाधारणदेखी जिल्लाका प्रमुख स्थानहरुको अवलोक तथा कर्णेल उजिर सिंह थापाले निर्माण गरेको भगवती मन्दिरको दर्शन गर्ने कार्यक्रम पदयात्रीहरुको रहेको छ । वैशाख ६ गते प्रभास डुम्रे, मस्याम हटिया, मरेक, रानीवास दोभान ३२ किलोमिटर यात्रा गर्ने छ ।

*-बाँकी अन्तिम पेजमा...*

## अर्घाखाँची जीप दुर्घटना : दुई जनाको मृत्यु, दुई घाइते




**अर्घाखाँची, चैत २४/** अर्घाखाँचीको मालारानीमा भएको जीप दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । मालारानी गाउँपालिकाल-३ लुटिपोखरी-खनदह भित्री सडकखण्डमा लुटीपोखरीबाट खनदहतर्फ जाँदै गरेको लु २ च २९९० नम्बरको जीप (सिङ्गल क्याब) अनियन्त्रित भई आइतबार विहान दुर्घटना भएको हो ।

दुर्घटनामा मालारानी-४ का जीपचालक २२ वर्षीय दिलीप खनाल र २१ वर्षीय बालकृष्ण रिजालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।

दुर्घटनामा मालारानी-४ का अन्दाजी १७ वर्षीय भुवन पोखेल र १७ वर्षीय वसन्त पोखेल घाइते भएका छन् । ती घाइतेलाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल 'रेफर' गरिएको छ । जीप सडकबाट झण्डै २०० मिटर तल खसेको र घटनाका बारेमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख मल्लले बताए । *-रासस*

## गुल्मीको तम्घास-रिडी सडक एक महिना बन्द हुने

**गुल्मी, चैत २४/**मदन भण्डारी राजमार्गअन्तर्गत निर्माणाधीन गुल्मीको तम्घास-रिडी सडक एक महिनासम्म बन्द हुने भएको छ । उक्त सडकको रुरुक्षेत्र गाउँपालिकाअन्तर्गत ठूलढुङ्गा भिर क्षेत्रमा पहरो फोर्ने, सडक चौडा गर्ने लगायत कामका लागि एक महिनासम्म सडक बन्द गरिने मदन भण्डारी राजमार्ग आयोजना कार्यालयले जनाएको छ ।

सडक निर्माणका लागि निर्माण व्यवसायीबाट माग भएअनुसार शनिबारदेखि आगामी वैशाख २२ गतेसम्म सवारीसाधन पूर्णरूपमा बन्द गरिने कार्यालयका प्रमुख एवं इन्जिनियर रमेश चौधरीले जानकारी दिए । तम्घास-रिडी खण्ड बन्द भए पनि सवारीसाधनलाई वैकल्पिक मार्गको व्यवस्था गरिएको उनले बताए । रुरुक्षेत्रको पानीटङ्की थोर्गा-स्यालपोखरी-स्याल बिसौंनाबाट रातामाटा सडक हुँदै



रिडी-छत्रकोटको पिपलनेटा-दिगाम हुँदै रिडी-लुम्छा-धरमपानी-दिगाम हुँदै रिडी र गुल्मीदरबारको घुम्टी-चारपाला-खर्ज्याङहुँदै रिडी सडक वैकल्पिक मार्गका रूपमा व्यवस्था गरिएको इन्जिनियर चौधरीले जानकारी दिए । राजमार्ग आयोजना कार्यालयले सूचना सार्वजनिक गर्दै तम्घास-रिडी खण्डको प्रयोग नगर्न जानकारी दिएको छ ।

सडक नियमित सञ्चालन गरी काम गर्दा यात्रु र सवारीसाधनमा जोखिम हुनसक्ने भन्दै निर्माण व्यवसायीको मागअनुसार एक महिनाका लागि वैकल्पिक व्यवस्थासहित उक्त खण्ड पूर्णरूपमा बन्द गरिएको कार्यालय प्रमुख चौधरीले बताए । "आवश्यक समन्वयका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय पालीका तथा अन्य सरोकार भएका निकायलाई आग्रह पनि गरेका छौं", उनले भने । जिल्लास्थित सडक पूर्वाधार विकास कार्यालयले पनि सडक स्तरोन्नतिका लागि गुल्मीदरबार गाउँपालिका २ अन्तर्गत भिरबाँसबाट काभ्रेपोखरीसम्मको खण्ड दुई साताका लागि पूर्णरूपमा बन्द गरिएको जनाएको छ । उक्त खण्डअन्तर्गत भिरबाँस क्षेत्रमा आरसिसी ढलान गरी सडक स्तरोन्नतिको काम भइरहेकाले यात्रुलाई वैकल्पिक व्यवस्था मिलाइएको छ । जुभुङ्-सिस्ने-भट्टेचौरबाट बिरबाँस सडक र मजुवा-बलिथुम-भिरबाँस खण्डको व्यवस्था मिलाइएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## स्वास्थ्य दिवसको सार्थकता

नेपालसहित विश्वर विभिन्न जनचेतनामूलक कार्यक्रम गरी आज विश्व स्वास्थ्य दिवस मनाईदैछ । विश्व स्वास्थ्य संगठनको स्थापना दिवसको अवसरमा हरेक वर्ष अप्रिल ७ का दिन यो दिवस मनाउने गरिन्छ । मानव शरीर स्वस्थ राख्न सचेतना फैलाउने उद्देश्यले हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । यद्यपी दिवस हरेक वर्ष हरेक पटक मनाउने गरेपनि नेपालको स्वास्थ्य सेवा आम नागरिकका नजरमा आफैं पूर्णरूपमा स्वस्थ बन्न भने सकेको छैन । यो अत्यन्त दुखको कुरा हो ।

नेपालको स्वास्थ्य सेवालाई अस्वस्थ बनाउनमा विभिन्न कारकहरू जिम्मेवार रहेका देखिन्छन् । संविधानत: आधारभूत स्वास्थ्य सेवा आम नागरिकको मौलिक हक भएको र आधारभूत स्वास्थ्य सेवामा राज्यले गरिरहेको लगानी वर्षेनी बढ्दो क्रममा रहेको भए पनि अझसम्म सेवाको सुनिश्चितता हुनसकेको छैन । एकातिर नि:शुल्क स्वास्थ्य सेवामा राज्यको लगानी धानी नसक्नु हिसाबले बढिरहेको छ भने अर्कोतिर, आम नागरिकहरू सहरकेन्द्रित र महँगो उपचार पद्धतिका कारण प्रताडित भइरहेका मात्र हैन सेवाको उपभोग गर्नबाटै वञ्चित भइरहेका समेत छन् । विशेषज्ञ चिकित्सकहरू सहरमुखी भएका कारण अहिलेको समयमा पनि ग्रामीण जनताहरूले कष्ट व्योहोर्नुपरिरहेको छ । हरेक स्थानीय तहमा चिकित्सक र हरेक जिल्लामा विशेषज्ञ चिकित्सक पुऱ्याउने भनिए पनि यो व्यवस्थाको व्यावहारिक रूपान्तरण हुनसकेको छैन ।

वर्तमान समयमा खराब र अस्वस्थकर जीवनशैली र खानपानले शरीरमा विभिन्न रोग देखापर्ने गरेका छन् । स्वस्थ शरीरले मात्रा हामी सुन्दर जीवनको परिकल्पना गर्न सक्छौं । त्यसका लागि व्यक्ति स्वयमले समेत स्वास्थ्यलाई कस्तो राख्ने भन्ने कुरा आफैमा निर्भर रहन्छ । मानिसले शरिरलाई स्वस्थ राख्न सन्तुलित आहार, व्यायम र सकरात्मक सोंच राख्न आवश्यक छ । मानिसको जीवन-मरणसँग सरोकारित विषय भएकोले राज्यबाट नागरिकलाई आवश्यकता परेको जुनसुकै बखत सहज र निर्वाधरूपमा सेवा प्राप्तिको पहुँच र स्वस्थ जीवनशैलीप्रतिको सचेतता वृद्धि गर्न सके मात्र हरेक वर्ष मनाइने विश्व स्वास्थ्य दिवसले सार्थकता प्राप्त गर्न सक्छ ।

### Opinion @ Social Network

अवसरहरू पर्खेर बस्ने होइन, सिर्जना गरिन्छ।
तिमी पनि सक्छौ, अगाडि बढ !
*(राज कुमालको फेसबुक स्टाटस https://www.facebook.com/kumal.raj2563)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवा, उद्यम र रोजगारी



शीतलप्रसाद महतो

कुनै पनि मुलुकको विकास र समृद्धिको आधारस्तम्भ नै युवा हो । सक्रिय युवाको बाहुल्यता नै कुनै पनि मुलुकको विकास र समृद्धिको मेरुदण्ड हो । कुनै पनि मुलुकका लागि युवाको बाहुल्यता भएको समयावधि ५०-६० वर्षको हुन्छ । त्यसपछिको अवधि भनेको अहिलेका युवा वृद्धावस्थामा प्रवेश गर्ने अवधि हो । यो अवधिमा अधिकांशले केटाकेटीसरह नै बसीखाने आश्रित समुदायमा पर्दछन् । उमेर बढ्दै जाँदा उपचार खर्च पनि बढ्छ र सोही अनुसार स्वास्थ्यकर्मी र अस्पतालको सङ्ख्या वृद्धि गर्नुपर्ने हुन्छ । अन्तत: यसले सरकारकै खर्च बढाउँछ । वृद्धभत्ता, पेन्सनजस्ता सामाजिक सुरक्षाभत्तामा बर्सेनि ठूलो धनराशि बजेटमा छुट्याउनुपर्दा राज्यले ठूलो व्ययभार बोक्नुपर्ने हुन्छ । यसरी एकातिर राज्यको व्ययभार बढ्ने, अर्कोतिर आर्थिक रूपले सक्रिय उमेर समूहको अनुपात घट्दा आर्थिक वृद्धिमा प्रतिकूल असर पर्ने सम्भावना रहन्छ । तर युवाको जोस, जाँगर र नयाँ विचारलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाउँदा अर्थतन्त्र समुन्नतितर्फ लम्किन्छ । युवामा अथाह साहस, जोस, जाँगर र क्षमता हुन्छ, जुन नेपालका सन्दर्भमा दिनानुदिन खेर गइरहेको छ । उनीहरू भोलिका कर्णधार मात्र होइनन्, आजका आर्थिक सामाजिक परिचालक पनि हुन् । त्यसैले युवाको ऊर्जालाई मुलुकको अर्थतन्त्रको सुधारका लागि लगाउनुपर्ने अहिलेको आवश्यकता छ ।

काम गरे नै मुलुकको विकास र समृद्धि हुन्छ । भाषण र गफले हुँदैन भन्ने विगतको अनुभवले पुष्टि भइसकेको छ । विकास र समृद्धिका लागि मुख होइन, हात र यन्त्र चलाउन सक्नुपर्छ । यसका लागि युवा समूहको भूमिका महत्वपूर्ण हुन्छ । विकास पूर्वाधारको निर्माण र उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई उत्साहित गर्नु राज्यको प्रमुख दायित्व हो । १५ देखि ६५ वर्षसम्मको उमेर समूहलाई कामकाजी वा आर्थिकरूपले सक्रिय हुन सक्ने जनशक्ति मानिन्छ । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार यस उमेर समूहको अनुपात ६७ प्रतिशत रहेको अनुमान छ । तीमध्ये पनि युवाको जनसङ्ख्या ४२ दशमलव ५६ प्रतिशत छ । त्यसमध्ये करिब ६० प्रतिशत युवा वैदेशिक रोजगारीमा छन् । यसरी आर्थिक रूपले सक्रिय हुन सक्ने उमेर समूहको जनसङ्ख्याको अनुपात अधिक हुनुलाई जनसाङ्ख्यिकी लाभ उपलब्ध भएको भनिन्छ । यस्तो लाभको उपयोग गरी मुलुकलाई विकास र समृद्धिको बाटोमा डोर्याउन सकिन्छ । तर विडम्बना, जनगणनाकै तथ्याङ्कअनुसार देशमा १९.८ प्रतिशत युवा पूर्ण बेरोजगार छन् । बर्सेनि पाँच लाखभन्दा बढी युवा श्रम बजारमा प्रवेश गर्छन् । तीमध्ये पनि १० प्रतिशत युवा स्वदेशमा नै रोजगारीका अवसर प्राप्त गर्छन् ।

विश्व बैङ्कका अनुसार रोजगारीको प्रमुख क्षेत्र निजी व्यवसाय हो, जसले ९० प्रतिशत रोजगारी सिर्जना गर्छ । त्यसमा पनि घरेलु, साना तथा मझौला उद्योगको योगदान अझ बढी छ । सरकारी क्षेत्रमा वार्षिक करिब पाँच हजारले मात्र अवसर पाउँछन् ।

नेपालमा युवा बेरोजगारीको अवस्था गम्भीर छ । विभिन्न अध्ययन र सर्वेक्षणहरूले यो समस्या उजागर गरेका छन् । राष्ट्रिय जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार, देशको कुल बेरोजगारी दर १२.६५ पुगेको छ । विशेषगरी १५ देखि २४ वर्ष उमेर समूहमा यो दर २२.७५ रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत, चालु आर्थिक वर्षमा सूचीकृत बेरोजगारको सङ्ख्या करिब आठ लाख पुगेको छ । तथ्याङ्कको विश्लेषण गर्दा नेपालमा युवा बेरोजगारी दर उच्च रहेको देखिन्छ । यो समस्या समाधान गर्न दीर्घकालीन रोजगार सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्द्धनमा राज्यले ध्यान दिन आवश्यक छ । नेपालमा रोजगारीका बहुआयामिक विषय अझै पनि पहिचान, अभिवृद्धि र निरन्तरता कायम गराउन निकै चुनौती छ । यही अवस्थामा नेपालमा सबै युवाका लागि रोजगारी सिर्जना हुन सम्भव छैन । यसले दक्ष, अर्धदक्ष र अदक्ष सबै प्रकारका युवालाई रोजगारीको खोजीमा देशबाटै पलायन हुनुपर्ने बाध्यता सिर्जना भएको छ । व्यापक रूपमा विस्तारित उद्यमशीलता विकासले मात्र श्रम बजार फराकिलो हुँदै जानेछ । अहिले नेपाली श्रम बजारमा केही विडम्बना पनि अनुभव हुँदैछ । कतिपय उद्योग प्रतिष्ठानले मुलुकभित्र सीपयुक्त जनशक्ति पाउन नसकेर बाहिरबाट ल्याउनु परेको छ । कतिपय कालिगढ भारत र बङ्गलादेशबाट आउने गरेका छन् तर नेपाली भने काम नपाएर सस्तो श्रम गर्न विदेश जानुपर्ने बाध्यता छ । काम, श्रम र सीपको प्रभावकारी सन्तुलन मिल्न सकेको छैन । नेपाली शिक्षा बेरोजगार उत्पादन गर्ने कारखाना जस्तो भएको भनेर पनि आलोचना हुने गरेको छ । शिक्षालाई श्रम, सीप, रोजगारी, उद्यमशीलता र स्वरोजगारीसित प्रभावकारी रूपमा जोड्न सकिएको छैन । सीप र दक्षता भएको श्रम शक्तिले देशभित्र र बाहिर दुवैतिर काम गर्न सक्छ । बाहिर गएको कतिपय ठूलो जनशक्ति पनि दक्ष हुन नसक्दा मर्यादित काम पाउन कठिन भएको छ । मर्यादित श्रम वातावरण बनाउन पनि यो रोजगारी प्रवर्द्धन दशकले भूमिका निर्वाह गर्नुपर्छ । श्रमलाई प्रतिफलयुक्त बनाउनुपर्ने छ । श्रमको उचित मूल्य अर्थात् ज्याला पाउने अवस्थासमेत सिर्जना गर्नु आवश्यक छ । वैदेशिक रोजगारीबाट फर्केका धेरै नेपाली देशभित्र उद्यम गर्न चाहन्छन् । त्यसका निम्ति लगानीका वातावरण बनाउनुपर्ने छ ।

यसरी विश्वव्यापीकरणसँगै सिङ्गो विश्व नै एउटा गाउँ भएको छ । सञ्चार एवम् प्रविधिको क्षेत्रमा आएको छलाङसँगसँगै वैदेशिक रोजगारीमा रहेका नेपालीका सामु पनि अवसर र चुनौती एकसाथ रहेका छन् । विदेशमा रहँदा विकसित मुलुकले गरेको विकास पछाडिका रहस्यहरू बुझ्ने सबैभन्दा ठूलो अवसर प्राप्त भएको छ । विकासका लागि शासन व्यवस्था, सरकारका अङ्गहरूले प्रदान गर्ने सेवासुविधा, सार्वजनिक प्रशासनको चुस्तदुरुस्त सेवाप्रवाह, सुशासन र अझ भनौं समयको महत्व तथा अनुशासन महत्वपूर्ण पक्ष हुन् । सही व्यक्ति सही समयमा सही ठाउँमा भएन भने देशको भविष्य अन्धकार हुन्छ । त्यसरी नै अनुशासन मानवजगतको गहना हो, भाग्यमाथिको अन्धविश्वास अनुशासन होइन । अर्को महत्वपूर्ण अवसर भनेको वैदेशिक रोजगारीमा रहँदा सिकेको सीप नेपालको हावापानी अनुसार केही परिमार्जनसहित प्रयोगको अवसर पनि हो । अहिले केही युवाले रगत र पसिना नेपालमा नै बगाउनुपर्छ, सुन फल्छ भन्दै विभिन्न उद्यमशीलतामा लागेर सबैलाई हौसला प्रदान गरेका छन् । आजका विकसित मानिएका राष्ट्रहरू त्यसै विकसित भएका होइनन्, त्यहाँका कम्तीमा एक-दुई पुस्ताले अधिक श्रम गरेर सम्भव भएको हो । त्यो सोचको विकास गरेर हामीले विकासको नेतृत्व गर्न सक्छौं कि सक्दैनौं भन्ने चुनौती छ । समय र अनुशासनको पालना गर्दै श्रमको सम्मान गर्न सक्छौं कि सक्दैनौं, बोली र व्यवहारमा एकरूपता ल्याउन सक्छौं कि सक्दैनौं, आफूले प्राप्त गरेका अधिकारलाई जिम्मेवारपूर्वक कर्तव्यमा ढाल्न सक्छौं कि सक्दैनौं, विदेशी भूमिमा भएर पनि नेपालमै जसरी हल्ला गर्ने, उद्दण्डता देखाउने, नियम-कानुन मिचेकामा गर्व गर्ने गर्छौं कि सभ्य नागरिक भएर बाँच्न सिक्छौं । अहिलेको अहम् प्रश्न हो ।

नेपालमा अहिले पनि कुन क्षेत्रमा कति रोजगारीका नयाँ अवसर छन् । कृषिदेखि एआई आइटीसम्म कस्ता सम्भावना देखिन्छन् । अझै पनि सरकारले युवालाई कुन मार्गमा हिंडाउन खोजेको छ भन्ने स्पष्ट मार्गचित्र नीति, कार्यक्रम र बजेटको तादाम्यता छैन । नवीन ज्ञान, सीप र क्षमता भएका उद्यमलाई व्यवसाय गर्नका निम्ति युवालाई आशा, अवसर र आत्मविश्वास चाहिएको छ । पहिलो स्वदेशमा नै पौरख र पसिना बगाउने उत्प्रेरणा चाहिएको छ । जबसम्म आफ्नो माटो कोट्याउने नीति लिन सक्दैनौं कुनै पनि अन्य वैकल्पिक उपायले हामी समुन्नतितर्फको यात्रा प्रारम्भ गर्न सक्दैनौं । युवा उद्यम, साना मझौला व्यवसाय र नवप्रवर्तक 'स्टार्टअप'लाई नीतिगत र व्यावहारिक रूपमा पनि अझै व्यवस्थित, उपलब्धिमूलक र आकर्षित बनाउन सामूहिक प्रयत्नको खाँचो देखिएको छ । नयाँ रोजगारी सिर्जना र उत्पादनमा आत्मनिर्भरता ल्याउने खालका उपयुक्त नीति र नतिजामा प्रष्ट देखिनुपर्ने चुनौती र अवसर राज्यसँग छ । श्रमको उत्पादकत्वमा उत्पादन तथा आयाम वृद्धि गर्न सकिन्छ भने कतिपय स्थितिमा श्रमलाई रोजगारी अनुकूल बनाएर काममा लगाउन सकिन्छ । हिजोआज उत्पादनमा श्रम, पुँजी र प्रविधिबीचको सन्तुलित प्रयोगले युवाका लागि व्यापक रोजगारी सिर्जना गरेको देखिएको छ । सर्वसुलभ गुणस्तरीय शिक्षा, स्वास्थ्य, तालिम आदिको विस्तारबाट राज्यले भविष्यमा श्रमको उत्पादकत्वमा अनुकूल प्रभाव पार्न सक्छ र रोजगारी सिर्जना गर्छ । व्यावसायिक शिक्षा तथा तालिममार्फत श्रमलाई उत्पादन कार्यसँग जोड्दा रोजगारीको अवसर सिर्जनामा सहयोग पुग्ने देखिन्छ । राज्य र निजी क्षेत्रले समाजमा रोजगारीका अवसर सिर्जना नगरेसम्म जनसाङ्ख्यिकी लाभले सार्थक रूप लिन सक्दैन । गरिबी र पछौटेपन हटाउन सक्षम युवाशक्तिलाई नीतिगत ढङ्गबाटै परिचालन गर्न आवश्यक छ । युवाशक्तिको बेवास्ताले ऊर्जाशील जीवन खेर गइरहेको छ । युवाशक्तिलाई आर्थिक क्षेत्रमा सक्रिय राख्न र आर्थिक उत्पादन सिर्जना गर्न राज्य गम्भीर हुनुपर्दछ । यसले युवामा उत्साह, कर्तव्य र जिम्मेवारी बढाउँछ । सेवाभाव सिर्जना गर्छ । संस्कार, संस्कृति, आदर सम्मानको बोध गराई सामाजिक परिपक्वता प्रदान गर्छ । अनि मात्र मुलुकको आर्थिक विकास र समृद्धि सम्भव हुन्छ । त्यसैले नवीन सोच, प्रविधि, लगानी स्टार्टअप रोजगारी सिर्जनाको आधार बन्न सक्छन् । सरकारले के कस्ता नीतिमार्फत नवप्रवर्तनको प्रोत्साहन गर्ने योजना बनाइरहेको छ भन्ने प्रश्न उठिरहेका छन् । युवा जनसङ्ख्याको अवस्था, क्षमता र लाभको उपभोग गर्न सक्दैनौं भने आर्थिक समुन्नति सम्भव होला र ? नेपालमा बेरोजगार र अर्धबेरोजगारको सङ्ख्या बढी भएकाले जनसाङ्ख्यिकी लाभको उपयोग भएको देखिँदैन । यसको उपयोगलाई मापन गर्ने महत्वपूर्ण समष्टिगत परिसूचक कुल गार्हस्थ्य बचतमा पनि वृद्धि भएको पाइँदैन । आर्थिक रूपले सक्रिय हुन सक्ने उमेर समूहको अनुपात ६७ प्रतिशत बढेको देखिँदासमेत कुल गार्हस्थ्य बचत १० प्रतिशत वरिपरि घुमिराखेको देखिन्छ । यसले पनि युवा जनशक्तिलाई उत्पादनमा उपयोग गर्न राज्यले सकेको छैन भन्ने देखिएको छ । विकासका कर्णधार भनेको नै युवा वर्ग हुन् । ती वर्गको उत्पादनशीलता उपयोग नहुनु भनेको युवा बेरोजगार हुनु त हो नै, देशले विकासको सुनौलो अवसर गुमाउनु पनि हो । अन्त्यमा देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवा, उद्यम र नवप्रवर्तनको भूमिका ठूलो छ । यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ । यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवालाई स्वदेशमै भविष्य खोज्ने बनाउन सकिनेछ । युवालाई स्वदेशमै अवसर दिनका लागि सरकारले मात्र होइन, निजी क्षेत्र, गैरसरकारी सैसंस्था र समुदायको पनि सहकार्य आवश्यक छ । युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा सहभागिताका लागि अब ढिला गरिनु हुँदैन । प्रतिफल उन्मुख उद्यम लगानीलाई नै आन्तरिक रोजगारी प्रवर्द्धनको मुख्य मार्ग मान्न सकिन्छ र अनि मात्र मुलुकको समृद्धि हुन्छ । *-रासस*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसरहरू प्राप्त हुन सक्छन्। पारिवारिक सहयोग मिल्नेछ। | **तुला** : आर्थिक लाभको योग छ । प्रेम सम्बन्धमा सफलता मिल्नेछ । |
| **वृष** : आर्थिक मामिलामा सतर्क रहनुहोस्। यात्रा गर्दा सावधानी अपनाउनुहोस् । | **वृश्चिक** : स्वास्थ्य प्रति सचेत रहनुहोस्। कार्य क्षेत्रमा चुनौतीहरू आउन सक्छन्। |
| **मिथुन** : कार्य क्षेत्रमा सफलता मिल्नेछ। साथीभाइको सहयोग प्राप्त हुनेछ । | **धनु** : नयाँ योजना बनाउने समय छ। आर्थिक स्थिरता आउनेछ । |
| **कर्कट** : मानसिक तनाव बढ्न सक्छ। आर्थिक खर्च बढ्ने सम्भावना छ । | **मकर** : कार्य क्षेत्रमा सफलता मिल्नेछ। नयाँ अवसरहरू प्राप्त हुनेछन् । |
| **सिंह** : सामाजिक प्रतिष्ठा बढ्नेछ। नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । | **कुम्भ** : पारिवारिक जीवनमा केही तनाव आउन सक्छ। धैर्य राख्नुहोस् । |
| **कन्या** : विद्यार्थीहरूका लागि राम्रो समय छ। पारिवारिक जीवन सुखमय रहनेछ। | **मीन** : सामाजिक कार्यमा रुचि बढ्नेछ। नयाँ साथीहरू भेटिनेछन् । |

# आज विश्व स्वास्थ्य दिवस मनाइँदै




**पाल्पा, चैत २४**/विश्व स्वास्थ्य दिवस नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी आज मनाईंदैछ । मानव शरीर स्वस्थ राख्न सचेतना फैलाउने उद्देश्यले हरेक वर्ष यो दिवस मनाउने गरिएको हो ।

विश्व स्वास्थ्य संगठन ( डब्लु.एच.ओं) को स्थापना दिवसको अवसरमा हरेक वर्ष अप्रिल ७ का दिन यो दिवस मनाउने गरिन्छ । पछिल्लो समय अधिकांस मानिसहरु डिप्रेसनको शिकार हुने गरेका छन् । डिप्रेसनको रोगीको संख्या घटाउन नेपालमा गरिबी र बेरोजगारी समस्या समाधान गर्नुपर्ने चिकित्सकहरुको भनाइ छ । स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउनुपर्ने आवश्यकतामा जोड दिँदै नेपालमा हरेक वर्ष विश्व स्वास्थ्य दिवस मनाउने गरिन्छ ।

विश्व स्वास्थ्य संगठनले सन् १९४८ मा दिएको स्वास्थ्यको परिभाषामा कुनै पनि व्यक्ति स्वस्थ हुनका लागि शारीरिक, मानसिक र सामाजिक रूपले पूर्ण रूपमा तन्दुरुस्त हुनु हो भनेको छ । यो परिभाषा अहिलेको अत्याधुनिक समयसम्म आधिकारिक परिभाषाको रूपमा स्थापित भएको छ । यस परिभाषामा निकै कमी-कमजोरी रहेको कुरा त्यतिबेलै रेनि डुबोस भन्ने विद्वान्ले व्यक्त गरेका थिए र तत्पश्चात् पनि धेरै अत्याधुनिक र सर्वमान्य परिभाषा आएका छन् तैपनि विश्व स्वास्थ्य संगठनले हालसम्म पनि यो परम्परागत परिभाषालाई परिमार्जन गरेको छैन ।

विश्व स्वास्थ्य संगठन विश्वभर स्वास्थ्य सम्बन्धी नीति-निर्माता र अनुगमन गर्ने प्रमुख संस्था हो तापनि यसले आफ्नो संकुचित स्वास्थ्यको अवधारणालाई सच्याउन तयार नहुनु कुनै रहस्यमय विषय हुनसक्छ नत्र किन आजसम्म पनि यो परिभाषामा परिमार्जन गरिएको छैन ?

# रोकिएन शिक्षकको आन्दोलन



**पाल्पा, चैत २४**/नेपाल शिक्षक महासैले विभिन्न माग राख्दै सुरु गरेको आन्दोलन अझै रोकिएको छैन् । गुणस्तरीय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने माग गर्दै शिक्षकहरु यही चैत २० गतेदेखि आन्दोलित छन् ।

शिक्षकहरु काठमाडौंका सडकमा भेला भएर सिठ्ठी बजाउँदै शान्तिपूर्ण तरिकाले सरकारको ध्यानाकर्षण गराइरहेका छन् । महासङ्घले गुणस्तरीय विद्यालय शिक्षाका लागि विद्यालय शिक्षा ऐन जारी नभएसम्म आन्दोलन जारी रहने जनाएको छ । उसले आइतकार विज्ञप्ति जारी गर्दै यो अवधिमा उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम-गोष्ठी, सेमिनार, शैक्षिक भ्रमणजस्ता कुनै पनि काममा संलग्न नहुन सबै शिक्षकहरुलाई आग्रह गरेको छ । शिक्षकहरुले नाचगान, सिट्ठी जुलुस, नाराबाजी, सडकमा सुतेर र विभिन्न रचनात्मक ढंगले आन्दोलन गर्दै आएका छन् । देशभरका शिक्षकहरू काठमाडौं केन्द्रित भएर आन्दोलन गरेका छन् । उनीहरुले सरकारले चैत्र २५ गतेसम्म पनि आफ्ना मागहरु पूरा नगरे शैक्षिक हड्ताल गर्ने चेतावनी दिएका छन् । यता सरकारले वार्तामा आउन आह्वान गरे पनि शिक्षकहरु वार्तामा बसेका छैनन् । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि सरकारले शिक्षकहरूको समस्या टुंग्याउने प्रतिबद्धता जनाएका छन् ।

# सेनाको तेस्रो गोरखा–जितगढी...

...बैखाख ७ गते नेपाली सेनाले अंग्रेज सेनालाई पराजित गरी विजयउत्सव गरेको दिन पदयात्रा टोलीले दोभान नुवाकोटगढी देउरालीमा पुगी बुटवलको टोली तारादल गणलाई झण्डा हस्तान्तरण गरी जितगढी विजयउत्सवमा सहभागी हुने कार्यक्रम रहेको छ ।

सेनाले प्रत्येक बर्ष पुस २७ गते पूर्वतर्फ गोरखा-काठमाडौं एकीकरण पदयात्रा गर्दै आएको छ । चैत्र २७ गते देखी बैशाख ७ गते सम्म पश्चिम तर्फ गोरखा जितगढी पदयात्रा शुरु गरेको छ । नेपाली सेनाले पश्चिम गोरखा जितगढी पदयात्रा २०७९ साल देखी शुरु गरेको हो । पाल्पामा दि फेमश महिन्द्रदल गणको नेतृत्वमा नेपालको राष्ट्रिय झन्डासहित एकीकरणको दौरान स्थापना भएका पाँच प्रथम कम्पनी श्रीनाथ, कालीबक्स, बर्दवाणी, सबुज, पुरानो गोरख र जितगढी लडाइँमा सहभागी गुरुबक्स गुल्मको झन्डा बोकेर बाजागाजासहित एकिकरण पदयात्रामा सहभागी हुने पदयात्रा संयोजक सेनानी जित बहादुर कार्कीले बताए । एकिकरण पदयात्रामा गोरखाको रिपुमर्दन गण, तनहुँको रुरु भैरवदल गण, काली भञ्जन गण, राजदल गण, पाल्पाको दि फेमस महिन्द्रदल गण र रुपन्देहीको तारादल गण प्रत्यक्ष सहभागी रहने छन् ।

पदयात्रा टोलीमा विशेष अवस्थाको पोशाक लगाएको समुह, परम्परागत पोशाक लगाएको समुह, सुरक्षा समुह, गोर्खादेखी सहभागी झण्डा बोक्ने समुह, ब्याण्ड बाजा समुह, मेडिकल, बाटो देखाउने, फोटो ग्राफर र चालक गरी ५३ जनाको सहभागीता रहने नेपाली सेना द फेमश महिन्द्रदल गण पाल्पाले जनाएको छ । पदयात्रालाई व्यस्थित, सुरक्षित, मर्यादित बनाउनको लागि दि फेमश महिन्द्रदल गणले जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, स्थानीय तहका प्रमुख, प्रतिनिधि, सुरक्षा निकायका प्रमुख र पत्रकारहरुको सहभागितामा समन्वयात्मक बैठक राखी छलफल गरेको छ ।

वि.सं १८७१ देखी १८७२ मा भएको नेपाल अंग्रेज युद्धमा नेपाली सेनाले बुटवल जितगढी क्षेत्रबाट अंग्रेज फौजलाई वैशाख ७ गते हराएर भगाएको दिन हो । अंग्रेज सेनालाई हराएको दिन बैशाख ७ गते विजय उत्सव मनाउन नेपाली सेना गोरखादेखी ३०५ किलोमिटर पैदलयात्रा गर्दै बुटवल जितगढी किल्लाको यात्रा तय गरेको थियो ।

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिकको वर्ष ३० अंक २५१, मिति २०८१/१२/२४ गते प्रथम पृष्ठमा प्रकाशित **'नेवारी संस्कृति संरक्षण गर्दै बरजु गुठी'** शिर्षकको अन्तिम पेजमा रहेको समाचारमा ६ सय घर परिवार हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**-सम्पादक**

## खेलकुद समाचार

# अफगानिस्तानसँग नेपाल एक रनले पराजित



**काठमाडौं, चैत २४**/अफगानिस्तानको १९ वर्षमुनिको टोलीसँगको दोस्रो युथ एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा पनि नेपाली युवा टोली पराजित भएको छ ।

मूलपानी क्रिकेट मैदानमा आइतबार भएको खेलमा नेपाल १ रनले पराजित भयो । अफगानिस्तानले दिएको १ सय ६९ रनको लक्ष्य पछ्याएको नेपालले ४९ ओभर ३ बलमा सबै विकट गुमाएर १ सय ६७ रनमात्र बनाउन सक्यो । नेपालका साहिल पटेलले सबैभन्दा धेरै ६४ रन बनाए । नेपालले १ सय २६ रनमा ५ विकेट गुमाएको अवस्थाबाट ४१ रन जोड्दा बाँकी ५ विकेट गुमायो । अफगानिस्तानका वाहिदुल्लाह जाद्रन, जाईतुल्लाह शहीन र हफीज जाद्रनले २/२ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको अफगानिस्तान ५० ओभरमा १ सय ६८ रन बनाउँदा अलआउट भयो । अफगानिस्तानका कप्तान महबूब खानले ५८ रन बनाए । नेपालका सन्तोष यादवले ३ तथा सिबरिन श्रेष्ठ र विपिन शर्माले २/२ विकेट लिए । योसँगै अफगानिस्तानले तीन खेलको शृङ्खलामा एक खेलअघि नै जितेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# ब्याज सस्तिए पनि बढेन घर कर्जा




**पाल्पा, चैत २४**/बैंक तथा वित्तीय संस्थामा ब्याजदर निरन्तर घटिरहे पनि अपेक्षित रूपमा घर कर्जा बढ्न सकेको छैन् । पछिल्लो समय बैंकको ब्याजदर घट्दै गइरहेको र बैंकहरूले घर कर्जा लिनका लागि विभिन्न अफरहरू ल्याइरहे पनि पर्याप्त मात्रमा घर कर्जा बढ्न नसकेको हो ।

केन्द्रीय बैंकका अनुसार चालु आर्थिक वर्षको माघसम्ममा ३.२ प्रतिशतले मात्र घर कर्जा बढेको छ । गत आवको यही अवधिमा घर कर्जा ९.३ प्रतिशतले बढेको थियो । 'यो वर्ष माघसम्ममा रियल स्टेट कर्जा (व्यक्तिगत, आवासीय घर कर्जासमेत) ३.२ प्रतिशतले बढेको छ,' राष्ट्र बैंकले भनेको छ । अर्थतन्त्रमा आएको सुस्तताका कारण ऋण लिन सक्ने क्षमता घट्दै गएको जानकारहरु बताउँछन् । अहिले धेरैजसो युवा विदेश गइरहेका कारण घर बनाउने आवश्यकता नै नभएको बताइन्छ ।

अर्थतन्त्रमा सुस्तता आउँदा व्यापारिक र औद्योगिक भवन बन्ने क्रम पनि सुस्त भएको छ । सबैतिर सुस्तता रहँदा घर बनाउने, खर्च गर्ने वा लगानी गर्ने अवस्था छैन । ब्याजदरले मात्रै कर्जा बढाउन सक्दैन । पछिल्लो समय सरकारले समेत निर्माण क्षेत्रतर्फको कर्जा विस्तारलाई जोड दिँदा बैंकहरूले त्यसका लागि सस्तो ब्याजदर कायम गर्दै आएका छन् । प्राय: बैंकहरूले कर्जा अवधिभर परिवर्तन नहुने स्थिर ब्याजदरमा घर कर्जा दिइरहेका छन् । वाणिज्य बैंकहरूले लामो अवधिका लागि न्यूनतम ५.९६ प्रतिशतदेखि १०.५० प्रतिशतसम्म स्थिर ब्याजदरमा घर कर्जा उपलब्ध गराइरहेका छन् । धेरैजसो बैंकले सात वर्ष अवधिको घर कर्जामा स्थिर ब्याजदर अफर गरेका छन् । कतिपय बैंकहरूले तोकिएको ब्याजदरमा पनि विभिन्न सहुलियत अफर ल्याएका छन् । पछिल्लो ब्याजदर विवरणअनुसार नेपाल बैंकले घर कर्जा सबैभन्दा कम ब्याजदरमा दिइरहेको छ । यो बैंकले ५.९६ प्रतिशतदेखि ८.३८ प्रतिशतसम्ममा घर कर्जा दिइरहेको छ । बैंकले बेसरेटमा २.४२ प्रतिशत प्रिमियम जोडेर ब्याजदर तोकेको हो ।


# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :२०८१/१२/२२**

तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग तथा ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाको सहजीकरणमा सञ्चालन हुने "तानसेन आर्थिक विकास परियोजना" संचालनका लागि तपसिलमा उल्लेखित पदका कर्मचारीहरुको आवश्यकता भएकोले रित पुगेका नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**१. आवश्कता सम्वन्धी विवरण :**

**क) पद : परियोजना संयोजक, पद संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्य अनुभव :**

- कृषि/भेटेरिनरी विषयमा स्नातकतह उतिर्ण गरी कम्तीमा ५ वर्ष सामुदायिक विकास तथा बाख्रा, दुध, र तरकारीको मुल्य श्रंखलामा काम गरेको अनुभव भएको ।

**ख) पद : प्राविधिक संयोजक, पद संख्या १ एक**

**न्युनतम योग्यता र कार्यानुभव :**

- पशुपालन तथा पशु स्वास्थ्य विषयमा प्रमाणपत्र तह जे.टि. (JT) उत्तिर्ण गरी सम्बन्धीत विषयमा कम्तीमा ३ वर्षको अनुभव वा पशु बिज्ञान विषयमा टि.एस.एल.सी/भेटेरिनरी.जे.टि.ए. (TSLC/VJTA) उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ५ वर्षको कार्यानुभव भएको ।

**ग) पद : लेखापाल (Accountant), पद संख्या : १ (एक) जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

- वाणिज्य शास्त्रमा स्नातक तह उत्तिर्ण गरी कम्तीमा २ वर्षको कार्यानुभव भएको वा वाणिज्य शास्त्रमा प्रमाण पत्र तह उत्तिर्ण गरी कम्तीमा ३ वर्षको कार्यानुभव भएको

**घ) पद : सामुदायिक सहजकर्ता, पद संख्या : ३ (तीन) जना**

**न्युनतम योग्यता :**

- १०+२ वा सो सरह उत्तिर्ण गरी सामुदायिक विकास तथा बाख्रा, दुध, र तरकारीको मुल्य श्रंखलामा कम्तीमा ३ वर्षको कार्यानुभव भएको ।

**ङ) पद : कृषि प्राबिधिक (Agri- technician), पद संख्या : १ जना**

**न्युनतम योग्यता र कार्यानुभव :**

- कृषि विषयमा डिप्लोमा (ISc. Ag.) उत्तिर्ण गरी कम्तीमा २ वर्ष अनुभव वा कृषि JTA उत्तिर्ण गरी कम्तीमा ५ वर्ष सामुदायिक विकास र कृषि उपज मुल्य श्रृंखलामा काम गरेको अनुभव भएको ।

उल्लेखित कागजात सहितको इच्छुक आवेदकहरूले आफ्नो आवेदन पत्र बुझाउँदा अपेक्षित तलब सहितको आवेदन पत्र समावेश गर्नुपर्नेछ । आवेदन तोकिएको समयभित्र इमेल मार्फत पनि पठाउन सकिनेछ ।

***नोट : प्रारम्भीक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित परिक्षामा समावेश गराईनेछ । रित नपुगेका, म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । थप जानकारी JobsNepal.com link मा हेर्नु होला***

**ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पा**

**तानसेन नगरपालिका ४, विशालबजार**

**ईमेल: redapalpa@gmail.com फोन नं.: ०७५-५२१६१०**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई